

# यौन शिक्षामा बहुआयामिक अवधारणा:

## नेपालमा बृहत यौन शिक्षालाई संस्थागत गर्नका लागि पैरवी पत्र

RIGHT HERE RIGHT NOW

**राइट हेयर राइट नाउ**[i], पञ्चवर्षीय कार्यक्रम र विश्वव्यापी रणनीतिक सहकार्य हो जुन १० वटा भन्दा बढी देशहरूमा सक्रिय छ । नेपालमा, यो १५ वटा समान धारणा भएका संस्थाहरूको फोरम हो, जसले युवाहरूको यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारमा पैरवी गर्दछ । यसले विशेष गरी तीन वटा विषयत क्षेत्र; वैवाहिक समानता, लाञ्छनामुक्त युवामैत्री सुरक्षित गर्भपतन सेवा, राष्ट्रिय पाठ्यक्रममा बृहत्तर यौनिकता शिक्षाको समावेश र विद्यालय बाहिरका विद्यार्थीका लागी नमुना पाठ्यक्रमको विकासमा केन्द्रित रहेको छ ।

**युवा**, राइट हेयर राइट नाउ नेपालको सहकार्य संस्था हुनुका साथै सचिवालयको भूमिका पनि निर्वाह गर्दछ । युवा, सन् २००९ मा स्थापित गैर नाफामूलक, युवाद्वारा युवाको निम्ति संचालित संस्था हो । यस संस्थाले सशक्तिकरण र पैरवीमार्फत अर्थपूर्ण युवा सहभागिता र संलग्नता प्रवर्द्धन गर्दछ । यसको स्थापनाकाल देखि युवाले सम्रग रूपमा युवाका मुद्दाहरूमा केन्द्रित हुनुका साथै यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार, सक्रिय नागरिक र अनुसन्धान गरि ३ वटा विषयगत क्षेत्रहरूमा कार्य गर्दछ ।

**यो परियोजनालाई राइट हियर राइट नाउ साझेदारीलाई नेदरल्यान्डको परराष्ट्र मामिला मन्त्रालयले आर्थिक सहयोग प्रदान गरेको छ ।**

**सम्पादकहरु**
सुदिप उप्रेती
सज्जा सिंह
श्रेया श्रेष्ठ

**भाषा सम्पादन**
जेनिशा मैनाली

**सर्वाधिकार सुरक्षित**
प्रथम संस्करण (१००० प्रतिलिपि), मार्च २०२०

**डिजाइनः** सुजल गुरूङ्

**युवा**

YUWA युवा RIGHT HERE RIGHT NOW

**राइट हियर राइट नाउ सचिवालय, नेपाल**
३१० कृष्ण धारा मार्ग, महाराजगञ्ज, काठमाडौँ ३, बाग्मती प्रदेश, नेपाल
01-4419489, 01-4418747 || info@yuwa.org.np || www.yuwa.org.np

---

[i] युवा संस्था सञ्जाल (आयोन), बियोन्ड बेइजिङ्ग कमिटी (बिबिसी), निल हिरा समाज (बिडिएस्), सिडिएस पार्क–मुगु, नेपाल परिवार नियोजन संघ, यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ, नेपाल, मानव विकास तथा वातावरण संरक्षण मञ्च (हुडेप), तान नेपाल, रेस्ट्लेस् डेभ्लप्मेन्ट, ग्रामीण महिला सञ्जाल नेपाल (रूवोन), भिजिबल इम्प्याक्ट, युथ एक्सन नेपाल, युवा विकास केन्द्र, युवा, युवालय

# पृष्ठभूमि: बृहत्तर यौनिकता शिक्षा

बृहत्तर यौनिकता शिक्षा सम्पूर्ण युवा वर्गको समग्र भलाईको लागि महत्वपूर्ण मानिन्छ । विशेषगरी मानव अधिकारको दृष्टिकोणलाई ध्यानमा राख्ने हो भने बृहत्तर यौनिकता शिक्षाको माध्यमद्वारा किशोरी गर्भधारण जस्तो महत्वपूर्ण मुद्दाहरूलाई सम्बोधन गर्नको लागि आधार तयार भयो । किशोर अवस्थामै गर्भधारण हुँदा किशोरीहरूको पढाईमा निरन्तरता नहुने र शिक्षाको अधिकारबाट बञ्चित हुने अवस्थाको सिर्जना हुन्छ । प्रभावकारी यौनिकता शिक्षाको माध्यमले विद्यालयमा किशोर अवस्थामा किशोरकिशोरीहरूले भोग्नुपरेको शारीरिक र भावनात्मक परिवर्तनहरूको बारेमा सही र आवश्यक जानकारी किशोरावस्था देखि 'युवा' वर्ग सम्मका यी व्यक्तिविकासका वर्षहरूमा प्राप्त गर्न सकिन्छ ।

बृहत्तर यौनिकता शिक्षा नेपालको लागि नयाँ अवधारणा भने होइन । यी दुई दशकमा प्रजनन् स्वास्थ्यका पक्षहरूमा नेपाली विद्यालयका पाठ्यक्रममा समावेश छन् ।

यद्यपी, यौनिकता शिक्षामा बहुआयामिक अबधारणा (Intersectionality), विशेषगरी लैङ्गिक तथा मानव अधिकारको बारेमा खासै छलफल भएको छैन । तसर्थ, Right Here Right Now (RHRN) फोरमको बृहत पैरवी अभियानले युवा वर्गको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको सुरक्षा, सम्मान र सुनिश्चितता गर्ने उद्देश्य राख्छ ।

> *"प्रभावकारी यौनिकता शिक्षाको माध्यमले विद्यालयमा किशोर अवस्थामा किशोरकिशोरीहरुले भोग्नुपरेको शारीरिक र भावनात्मक परिवर्तनहरूकोबारेमासहीरआवश्यक जानकारी किशोरावस्था देखि युवा वर्ग सम्मका यी व्यक्तिविकासका वर्षहरूमा प्राप्त गर्न सकिन्छ ।*




यौनिकता शिक्षामा बहुआयामिक अवधारणा

| अध्ययनका उद्देश्यहरु | अध्ययन प्रणाली |
| --- | --- |
| यस अध्ययन यी विभिन्न उद्देश्यहरूलाई ध्यानमा राखेर संचालन गरिएको छः<br><br>• बृहत्तर यौनिकता शिक्षाको मुद्दाको नेपालमा इतिहास र अवस्थालाई बुझ्नु र दस्तावेजिकरण गर्न ।<br>• बृहत्तर यौनिकता शिक्षालाई राष्ट्रिय शिक्षा पाठ्यक्रम र International Technical Guidance on Sexuality Education (ITGSE) को सिद्धान्त अनुसार समावेश गरिएको इतिहासको दस्ताबेजिकरण गर्न ।<br>• प्रमुख सरोकारवाला पक्षहरूसँग बृहत्तर यौनिकता शिक्षाको वर्तमान अवस्था, कमी-कमजोरी र सुधारका उपायहरूको बारेमा छलफल गर्न ।<br>• राष्ट्रिय स्तरमा रहेका सरोकारवाला पक्षहरू लगायत समग्र Right Here Right Now (RHRN) का सदस्यहरूका लागि बृहत्तर यौनिकता शिक्षाको राष्ट्रिय शिक्षा पाठ्यक्रममा समावेश गर्नको लागि चुनौती र सम्भाव्यता सहितको कार्यपत्र तयार पर्न । | यस अध्ययनका लागि निम्न प्रकारका प्रक्रियाहरू अप्नाइएको थियो :<br><br>• नेपाल सरकारका यौनिकता शिक्षा सम्बन्धी नीति, निर्देशिका र सम्बन्धित दस्तावेजहरू, पाठ्यक्रम विकास केन्द्रमा उपलब्ध सामग्रीहरू, यौनिकता शिक्षा सम्बन्धी सञ्चार माध्यममा उपलब्ध जानकारीहरूको सुक्ष्म अध्ययन (Evidence Review)<br>• यौनिकता शिक्षाको क्षेत्रमा कार्यरत शिक्षा मन्त्रालय र विभागका पदाधिकारीहरू, प्राध्यापक, बुद्धिजीवि, शोधकर्ता र यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी पैरवी गर्ने व्यक्तित्वहरूसँग अन्तरबार्ता (Key Informant Interviews)<br>• कक्षा ९ र १० मा सरकारी र निजि विद्यालयमा अध्ययनरत किशोरकिशोरीहरूसँग समूह केन्द्रित छलफल (Focus Group Discussions) |

# मुख्य नतिजाहरु

यस अध्ययनबाट प्राप्त भएका मुख्य नतिजाहरू यस प्रकार रहेका छन् :

## विद्यालय बाहिर रहेका बालबालिका, अपांगता र यौन तथा लैंङ्गिक अल्पसंख्यकीहरुका सवालहरुलाई सम्बोधन नगरिएको

अहिलेको अवस्थामा बृहत्तर यौनिकता शिक्षा विद्यालय जाने बालबालिकामा मात्रै सीमित छ । जसले गर्दा विद्यालय बाहिर रहेका बालबालिकाले बृहत्तर यौनिकता शिक्षाको महत्व र जानकारीबाट बञ्चित छन् । त्यसैगरि वर्तमान नीति र निदे ʽशिकाहरूपनि अपांगता भएका र यौन तथा लैंङ्गिक अल्पसंख्यकहरूको बृहत्तर यौनिकता शिक्षाको आवश्यकताबारे मौन छ। यसर्थमा अपांगता भएका र लैंङ्गिक अल्पसंख्यक किशोरकिशोरीहरू बृहत्तर यौनिकता शिक्षा सम्बन्धि कुनै पनि तालिम वा अभिमुखीकरणबाट बञ्चित छन् ।

## शिक्षणको गुणस्तरमा सुधार आवश्यक

हाम्रो वर्तमान शिक्षण प्रणालीमा यौनिकता शिक्षा, विशेष गरि यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कक्षा संचालनमा सुधार गर्नपर्ने अवस्था हाम्रो अध्ययनले देखाएको छ। जस्तै यौन तथा प्रजनन् स्वास्थ्यको पाठ पढाउँदा शिक्षक/शिक्षिकाहरूले अप्ठ्यारो मान्ने, किताबमा त्यो पाठका पानाहरूलाई स्टेपलरले स्टिच गरिदिने, आदि ।

## तालिम मात्रैले शिक्षणको गुणस्तरमा सुधार ल्याउन अपर्याप्त हुने

बृहत्तर यौनिकता शिक्षा सम्बन्धि तालिमले शिक्षक र शिक्षिकाहरूलाई केही हदसम्म मद्दत गरेपनि यो पर्याप्त नभएको देखिन्छ । शिक्षक/शिक्षिकाहरूले तालिमबाट प्राप्त भएको ज्ञानलाई बिर्सिने, उहाँहरूको सरूवा हुने भएकोले बेलाबखतमा शिक्षक/शिक्षिकाहरूलाई पुर्नताजगी तालिम पनि आवश्यक भएको देखिन्छ ।

*"एक जना शिक्षकले आफु पनि त्यहि समुदायको भएको र केहि विद्यार्थीहरु आफ नो नाता पनि पर्ने भएकोले यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि पाठ पढाउन सक्नुभएन । यस्तो अवस्था धेरै विद्यालयहरुमा भएको पाइएको छ।"*

*- एक प्राध्यापक*

## वृहत्तर यौनिकता शिक्षालाई लैंङ्गिक वा मानव अधिकारको भन्दा बढी स्वास्थ्यको दृष्टिकोणले हरिने गरिएको

बृहत्तर यौनिकता शिक्षालाई अहिलेसम्म यौन तथा प्रजनन् स्वास्थ्यको सवालको रूपमा मात्रै हेरियो । यद्यपी यो मानव अधिकार, व्यक्तिगत स्वतन्त्रता र आफ्नो यौनिकताको बारेमा निर्णय लिन सक्ने अधिकारसंग पनि सम्बन्धित रहेको अवस्था हो । जुन अहिलेको पाठ्यक्रमले सम्बोधन गर्न सकेको छैन ।

*"यदि यौन शिक्षा विद्यालयका बालबालिकाहरुमा राम्ररी पढाइएको भए किशोर अवस्थामै गर्भधारणका समस्याहरु आउने थिएनन् । व्यवस्थित यौन अभ्यासले जीवन सन्तुलित बनाँउछ त्यसैले यस विषयलाई राम्रोसंग विद्यालयमा पढाइनु पर्छ ।"*

*- गैर सरकारी संस्थामा कार्यरत एक कर्मचारी*

**विद्यालयको भौतिक अवस्था र वातावारणले गर्दा विद्यार्थीहरुले खुलेर कुरा गर्न नसक्नु**

हाम्रो अध्ययनबाट विद्यालयहरूको भौतिक पूर्वाधार र सुबिधाहरू त्यति किशोर किशोरी मैत्री नभएकाले गर्दा किशोर/किशोरीहरूले खुलेर यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धि आफ्ना जिज्ञासाहरू राख्न पाएका छैनन् । केहि विद्यालयहरू जहाँ मनोसामाजिक परामर्शदाता र किशोर/किशोरी मैत्री अध्ययन कोठाहरू उपलब्ध छन्, त्यहाँ किशोर/किशोरीहरूले केहि खुलेर आफ्नो धारणा र जिज्ञासाहरू राख्ने गरेको पाईएको छ ।

*"परिवर्तन र सुधारको लागि निश्चय नै केहि समय लाग्ने गर्छ, यो हतारमा हुने कुरा होइन । हाम्रो पाठ्यक्रममा कतिपय एकदमै प्राविधिक शब्दावलीहरूको पनि प्रयोग भएको पाइन्छ जुन सबै शिक्षक/शिक्षिकाहरूले बुझ्छन् भन्ने छैन । त्यसैले हामीले पाठ्यक्रम विकास गर्दा उपयुक्त छलफल र किशोर/किशोरी मैत्री भाषाको प्रयोग गर्नु पर्ने देखिन्छ ।"*

*- शिक्षा बिभागका अधिकारी*

---

**बृहत्तर यौनिकता शिक्षाका अभियानहरुको बारेमा स्थानीय सरकारसँगको फितलो समन्वय**

स्थानीय सरकार वा पालिकाहरूलाई बृहत्तर यौनिकता शिक्षाका बारेमा छलफल र विद्यालयहरूमा भएका अभियानहरू केन्द्रीय स्तर वा राजधानीमै सीमित भएकाले यस्ता गतिविधिको बारेमा अन्य जिल्ला, प्रदेशमा खासै जानकारी नहुँदा स्थानीय निकायसँगको समन्वय कमजोर भएको देखिन्छ ।

**यौनिकता शिक्षा नेपाली पाठ्यक्रममा कसरी समाबेस भएको छ भन्ने लेखाजोखा :**

यौनिकता शिक्षा मन्त्रालयको आधारभूत पाठ्यक्रम प्रणालीमा समावेश भएको छ । यद्दपि पाठ्यक्रमको स्वरूप शिक्षिक र शिक्षिकाले कक्षाकोठामा पढाउने प्रक्रियामा गर्नुपर्ने सुधारका कार्यहरू धेरै छन् । हालको पाठ्यक्रममा कक्षा १ देखि १० सम्म समावेश भएका विषयहरू यसप्रकार रहेका छन :

| कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६ |
|---|---|---|
| • किशोरावस्था<br>• किशोरावस्थामा हुने शारीरिक परिवर्तन<br>• यौन शिक्षा र यसको महत्व<br>• प्रजनन् स्वास्थ्यसंग सम्बन्ध राख्ने महिला र पुरूषका बाहिरी अंगहरू<br>• अंगहरूलाई सफा र संक्रमणमुक्त राख्ने बिधि | • प्रजनन् स्वास्थ्य<br>• व्यक्तिगत सरसफाई<br>• शरीरका बाहिरी अंगहरूको परिचय र तिनीहरूको सरसफाई (कक्षा १)<br>• बाहिरी अंगहरूको सफाई गर्ने बिधि (कक्षा २)<br>• अंगहरू सफा राख्नुपर्ने कारणहरू (कक्षा ३) | • प्रजनन् स्वास्थ्य<br>• शरीरका यौन तथा प्रजनन् अंगहरूलाई सफा राख्ने विधि (कक्षा ४)<br>• यौन तथा प्रजनन् अंगहरूको सफाई र रजस्वला (कक्षा ५)<br>• रोगहरूको परिचय, बिरामीलाई गर्नु पर्ने सहयोग र सद्भाव (कक्षा ४)<br>• एच.आइ.भी र एड्सको परिचय (कक्षा ५) |

| कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|
| • किशोरावस्थाका चरणहरू<br>• यौन तथा प्रजनन् स्वास्थ्य शिक्षाको महत्व<br>• स्वप्नदोष, विर्य उत्पादन हुने, गर्भधारण हुने प्रक्रिया<br>• प्रजनन् स्वास्थ्यसंग सम्बन्ध राख्ने अंगहरूलाई सफा र संक्रमणमुक्त राख्ने विधि | • जिम्मेवारपूर्ण यौन व्यवहारको लागि किशोरकिशोरीहरूको दायित्व<br>• सुरक्षित मातृत्वका प्रणालीहरू<br>• बृहत्तर यौनिकता शिक्षाको अवधारणा र यसको महत्व | • किशोरावस्था<br>• यौनिकता शिक्षा<br>• प्रजनन् स्वास्थ्य<br>• प्रजनन् अधिकार | • यौन संक्रमित रोगहरू (AIDS, Syphilis, Gonorrhea, Cancroid)<br>• सुरक्षित मातृत्व<br>• मातृत्व स्वास्थ्य सेवा Adolescence |

## कमी-कमजोरी र सुझावहरु

| कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० |
|---|---|---|
| **कमी-कमजोरी**<br>धेरै जसो अभिभावकहरूले बालबालिकाहरूको यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा बुझ्ने उमेरको भएका छैनन् भन्ने धारणा राख्छन ।<br><br>**सुझावहरु**<br>उमेर अनुसारको पाठ्यक्रम बनाइनुपर्छ जसले गर्दा बालबालिकाहरु किशोरावस्थाको लागि तयार हुन सक्छन् । | **कमी-कमजोरी**<br>• कक्षा ६ देखि ८ सम्म पाठ्यक्रम अनिवार्य गरि एपनि यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको बारेमा पर्याप्त रूपमा समावेश गरिएको छैन ।<br>• पाठ्यक्रममा स्वास्थ्यको दृष्टिकोण बढी भएको पाइन्छ तर लैङ्गिकता र मानव अधिकारको दृष्टिकोणले खासै समावेश गरिएको छैन ।<br>• 'सम्बन्ध', 'भावना', 'प्रवृति', 'क्षमता', 'संस्कृति', 'समाज' र 'मानब अधिकार' जस्ता अवधारणाहरू सीमित रूपमा समावेश भएका छन् । रजस्वलालाई कक्षा ७ मा पढाइएको छ तर छाउपडीलाई गलत प्रचलन भनिएको छैन ।<br><br>**सुझावहरु**<br>• पाठ्यक्रममा लैङ्गिकता, मानव अधिकार र मूल्यमा आधारित बहुआयामिक अवधारणा समावेश गरिनुपर्छ ।<br>• रजस्वलाको उल्लेख मात्रै गरेर नभई यौन तथा प्रजनन् स्वास्थ्यसंग सम्बन्धित सामाजिक मूल्य मान्यताहरू पनि समावेस गरिनुपर्छ । | **कमी-कमजोरी**<br>भर्खरै स्वास्थ्य, जनसंख्या तथा वातावारणलाई कक्षा ९ र १० को पाठ्यक्रममा ऐच्छिक विषयको रूपमा राखिएको छ, जसले गर्दा धेरै पछाडी धकेलेको छ ।<br><br>**सुझावहरु**<br>स्वास्थ्य, जनसंख्या तथा वातावारणलाई कक्षा ९ र १०को पाठ्यक्रममा अनिवार्य रूपमा समाबेश गर्नुपर्छ । |

# अध्ययनका सुझावहरू

## कक्षा स्तरीय र निर्देशित कार्यक्रम योजना तर्जुमा

बृहत्तर यौनिकता शिक्षाको योजना तजुमा गर्दा विद्यालय बाहिर रहेका, अपांगता भएका, यौन तथा लैंङ्गिक अल्पसंख्यक र बिशेषगरी निम्न माध्यमिक तहका किशोर-किशोरीहरू (कतिपय किशोर ीहरूले माध्यमिक तह पुग्नु अगावै पढाई छोड्ने पनि अवस्था देखिएकाले) लक्षित गर्न आवश्यक दे खिन्छ। त्यसै गरि कक्षा ६ देखि १० को स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको पाठ्यक्रममा यौ न तथा प्रजनन् स्वास्थ्य सम्बन्धि बिषयबस्तु समावे श गर्दा पनि हरेक कक्षाको पाठ्यक्रममा किशोर किशोरीको उमेरलाई ध्यानमा राखेर बनाउनु पर्ने देखिन्छ।

## विद्यालयहरुको सुबिधा र भौतिक पूर्वाधार र खुला छलफलको वातावारणमा सुधार

विद्यालयहरूको वर्तमान सुविधा र पूर्वाधारहरूमा सुधार आवश्यक देखिन्छ। छुट्टै मनोसामाजिक परामर्शदाता र किशोर किशोरीमैत्री कोठाहरूको प्रावधान हुनुपर्छ जसले गर्दा किशोर किशोरीहरूले खुलेर निर्धक्क भएर आफ्ना समस्या र जिज्ञासाहरू राख्न सक्छन्। त्यसैगरी शिक्षक-शिक्षिकाहरूलाई तालिम पनि एकपटकको मात्रै नभई निरन्तर कार्यक्रमको रूपमा संचालित हुनुपर्ने देखिन्छ।

## बृहत्तर यौनिकता शिक्षाको अबधारणालाई लैंङ्गिकता, मानव अधिकार र नैतिक शिक्षाको दृष्टिकोण पनि समावेश गर्दै अझै बृहत बनाउन

हालको पाठ्यक्रममा लैंङ्गिकता, मानव अधिकार र नैतिक शिक्षाको दृष्टिकोण समावेश गर्दै अझै बृहत बनाउने कार्य गरियो भने किशोरकिशोरीहरूले आफ्नो यौनिकता सम्बन्धि अझ बढी ज्ञान हासिल गर्न सक्छन्।

## कक्षाकोठामा मात्रै सिमित नहुने कार्यक्रम योजना तजुमा

यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी किशोरकिशोरीहरूलाई कक्षाकोठामा मात्रै सीमित नभएर घर परिवार र समुदायसम्म पनि पुर्याउनुपने देखिन्छ। तसर्थ बृहत्तर यौनिकता शिक्षा सम्बन्धि ज्ञान र चेतना समुदायस्तरमा पनि विभिन्न पैरवीका कार्यक्रमहरू संचालन गरि फैलाउनुपर्ने देखिन्छ।

## बृहत्तर यौनिकता शिक्षा सम्बन्धि गुणस्तरीय अनुसन्धान र कार्यक्रमहरुको प्रभावकारिताको उचित मुल्यांकन

गुणस्तरीय मुल्यांकनको अध्ययन अनुसन्धानले यौन तथा प्रजनन् स्वास्थ्य शिक्षाका वर्तमान आवश्यकता र कमिकमजोरीको बारेमा नीति निर्माणकर्ता र अभियान्ताहरूलाई बुझ्न मद्दत गर्छ। यस्ता अनुसन्धानहरूले स्थानीय निकायलाई आवश्यक नीति, निर्देशिकाहरूको पहिचान गर्न र यस्ता दस्तावेजहरू उचित समयमा निर्माण गर्न मार्गदर्शन गर्छ।

## स्थानीय सरकारलाई बृहत्तर यौनिकता शिक्षा अभियानका प्रयासहरुको दस्तावेजिकरण गर्न लगाउने र अन्य निकायलाई पनि प्रोत्साहन गराउने

स्थानिय सरकारहरूले आफ्नो क्षेत्रमा बृहत्तर यौनिकता शिक्षा अभियानका प्रयासहरूको सिकाईको बारेमा दस्तावेजिकरण गनुपर्नेछ जसले गर्दा अन्य पालिका पनि यस्तो किसिमको अभियान कार्यन्वयन गर्दाका अवसर र चुनौतिहरूको बारेमा जानकार हुन्छन्। सबै पालिकाहरूमा यस्तो अभियान संचालन हुँदा स्वस्थ प्रतिस्पर्धा हुने र समग्रमा बृहत्तर यौनिकता शिक्षाको अवधारणा स्थानीय स्तरसम्ममा पुग्ने देखिन्छ।